कृषि, उद्योग, व्यापार, पर्यटन, ऊर्जा, सूचना प्रविधि र पूर्वाधार: Smart City वालिङ निर्माणका आधार

वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

पत्र सं: ०८०/०८१
च नं:

गण्डकी प्रदेश, नेपाल
फोन नं.: ०६३-४४०१७७

## तह बृद्धिको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०८१।०३।१७
सूचना नं.: ०२/०८०।८१ (तह वृद्धि )

स्थानीय सेवा (गठन तथा संचालन) ऐन,२०७९ को दफा २७ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा तपशिल बमोजिमको न्यूनतम सेवा अबधि पुरा भएका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षको कार्य संपादन मूल्याङ्कनमा तोकिए बमोजिमको अंक प्राप्त गरेका कर्मचारीलाई माथिल्लो तह कायम गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । स्थानीय सेवा (गठन तथा संचालन) ऐन,२०७९ को दफा २७ बमोजिमको योग्यता पुरा गरेका तथा दफा ३१ बमोजिमको नकारात्मक सूचिमा नपरेका, तह वृद्धि हुने भन्दा एक तह मुनिको सम्बन्धित सेवा समुह र उपसमुहको पदमा यस नगर कार्यपालिका कार्यालयमा कार्यरत ईच्छुक स्थायी कर्मचारीहरुले तोकिए बमोजिमको तह वृद्धि फारम २ प्रति भरी (सम्भब भए सम्म नेपाली कागजमा ) यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई मिति २०८१।०३।३१ सम्म प्रशासन शाखामा बुझाउनु हुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका,अपुग विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कारबाही नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

आवश्यक शर्तहरु :

१. स्वास्थ्य सेवा बाहेकका अधिकृत स्तर छैटौं पदमा तह वृद्धिको लागि सहायक स्तर पाँचौं तहको पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्यांकनमा न्युनतम ९५ प्रतिशत औषत अंक प्राप्त गरेको हुनुपर्ने । स्वास्थ्य सेवा तर्फका कर्मचारीको हकमा स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली २०५५, बमोजिमको सेवा , शर्त र अवधि पुरा भएको हुनु पर्ने सोही बमोजिम स्तरबृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न भएको हुनु पर्ने ।
२. गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन,२०७९, बमोजिम तह वृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्ने ।
३.आवेदन फारममा निर्दिष्ट गरिएका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।
४. आवेदन फारमका साथ तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति पत्रको प्रतिलिपि , कर्मचारी समायोजन ऐन, २०७५ ,बमोजिम यस कार्यालयमा समायोजन भएको समायोजन पत्रको प्रमाणित प्रतिलिपि २/२ प्रति र गण्डकी प्रदेश स्थानीय सेवा ( गठन तथा सञ्चालन ) ऐन २०७९, बमोजिम नकारात्मक सूचीमा नपरेको भनि उम्मेदवार स्वयंले स्वघोषणा गरी पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Website:http://www.walingmun.gov.np Email: info@walingmun.gov.np, walingmun@gmail.com